# २ पर्दा पछाडि काम गिरिरहनुहुने पवित्र आत्मा

***यस अध्यायका मूल पदहरू:*** इजकिएल ३७:५,९, उत्पत्ति १:२, अय्यूब २६:१३, प्रस्थान ३१:१-५, यूहन्ना १६:१३,१४ र गलाती ५:१६-२३।

***यस अध्यायको कण्ठ गर्नुपर्ने मूल सार पद:*** "१४ उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ। १५ जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई देखाइदिनुहुनेछ।" यूहन्ना १६:१४-१५

बाइबलमा परमेश्वर पिता र पुत्र येशू ख्रीष्टले पाएको त्यही भाऊ पवित्र आत्माले पाएको देखिन्दैन अर्थात् जति उहाँहरूले ध्यान पाउनुभएको छ त्यति ध्यान पवित्र आत्माले पाएको देखिन्दैन। तर बाइबलको पवित्र इतिहासको महत्त्वपूर्ण समयहरूमा पवित्र आत्माको उपस्थिति थियो भनेर बाइबलले हामीलाई बताउँछ। उदाहरणमा, जब परमेश्वरले यस संसार सृष्टि गर्नुभएको थियो त्यसबेला पवित्र आत्माले पनि सक्रिय भएर काम गरिरहनुभएको थियो। तर उहाँ पर्दा पछाडि काम गरिरहनुभएको थियो। त्यसको अर्थ उहाँ बढि पृष्ठभूमिमा रहनुहुन्थ्यो। परमेश्वरका अगमवक्ताहरूलाई उहाँका प्रेरणादायी सन्देश सुनाउने काममा पवित्र आत्मा पनि संलघ्न हुनुभएको थियो। त्यस परिप्रेक्ष्यमा हामी यो भन्दछौं कि परमेश्वरको वचन बाइबल लेख्ने समयमा उहाँले उल्लेखनीय भूमिका खेल्नुभएको थियो। मरियमको कोखमा येशू ख्रीष्ट जन्मिनुहुँदा उहाँले अलौकिक वा आश्चर्य तरिकाले महत्त्वपूर्ण भाग खेल्नुभएको थियो। तर बाइबलको केन्द्रविन्दु पवित्र आत्मा होइन। उहाँको बारेमा हामीलाई कमै थाहा छ। उहाँ पृष्ठभूमिमै रहनुहुन्छ। अर्थात् उहाँ मानिसहरूले देख्ने गरेर सक्रिय भएर देखाउनुहुन्न। त्रीएक परमेश्वरको शिर्ष पिता र पुत्रको काममा सघाउने लक्ष्य उहाँको काम हो। सनातन् परमेश्वर पिताको महिमा गर्ने काम पनि पवित्र आत्माको हो। ती सबै उदेकका कामहरू पवित्र आत्माले गर्नुहुन्छ। पापले गर्दा ल्याउने अनन्तको मृत्यबाट पतित मानिसहरूलाई उद्धार गर्न पवित्र आत्माले ती सबै कामहरू गर्नुहुन्छ।

पर्दा पछाडि रहेर सहयोग गर्न पवित्र आत्माले रोज्नुहुन्छ भनेर बाइबलले हामीलाई सिकाउँदछ। पवित्र आत्माले आवश्यक परेको बेलामा टेवा दिनुहुन्छ, सहयोग गर्नुहुन्छ र सहायता गर्नुहुन्छ। उहाँले त्यो काम पहिला पनि गर्नुभएको थियो अहिले पनि गर्नुहुन्छ। तर पवित्र आत्माले आफ्नो भाऊ, सम्मान वा लोकप्रियता देखाउन खोज्नुहुन्न।

## १ पवित्र आत्मा रहस्यमय हुनुहुन्छ (यूहन्ना ३:३-८)

जुन रूपमा पवित्र आत्मा काम गर्नुहुन्छ त्यसलाई बताससँग चित्रण गरिएको किन उपयुक्त छ भनेर देहायका केही पदहरूले कसरी भन्दछन्? हेर्नुहोस्ः यूहन्ना ३:१-८ "१ फरिसीहरूमध्ये निकोदेमस नाउँ भएका एक जना मानिस थिए। तिनी यहूदीहरूका महासभाका एक सदस्य थिए। २ यिनी राती येशूकहाँ आए, र उहाँलाई भने, "गुरुज्यू, हामी जान्दछौं तपाईं परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईंले गर्नुभएका यी चिन्हहरू कसैले गर्न सक्दैन।" ३ येशूले तिनलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।" ४ निकोदेमसले उहाँलाई भने, "मानिस बूढो भएपछि कसरी जन्मन सक्छ र? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ?" ५ येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन। ६ शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो। ७ मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान। ८ बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ। आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ।" र इजकिएल ३७:१-१० "१ परमप्रभुको हात ममाथि पर्‍यो, अनि उहाँले मलाई परमप्रभुका आत्माद्वारा ल्याउनुभई हाड़ै-हाड़ भएको बेंसीमा राख्नुभयो। २ उहाँले मलाई ती हाड़हरू भरिएको बीचमा तल-माथि लानुभयो, र मैले त्यस बेंसीको जमिनमा थुप्रै हाड़हरू देखें। ती हाड़हरू असाध्य सुकेका थिए। ३ उहाँले मलाई सोध्नुभयो, "हे मानिसको छोरो, के यी हाड़हरू फेरि जीवित हुन सक्छन्?" मैले जवाफ दिएँ, "हे परमप्रभु परमेश्वर, यो त केवल तपाईंले मात्र जान्नुहुन्छ।" ४ तब उहाँले मलाई भन्नुभयो, "यी हाड़हरूलाई अगमवाणी कहेर भन्, 'हे सुकेका हाड़ हो, परमप्रभुको वचन सुन!' ५ यी हाड़हरूलाई परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः म तिमीहरूमा सास हालिदिनेछु, र तिमीहरू जीवित

हुनेछौ। ६ म तिमीहरूमा नसाहरू टाँसिदिनेछु, र तिमीहरूमा मासु बढ़ाइदिन्छु, र छालाले म ढाकिदिनेछु, र तिमीहरूमा सास हालिदिनेछु, र तिमीहरू जीवित हुनेछौ। तब तिमीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछौ'।" ७ यसैले उहाँले आज्ञा गर्नुभएझैं मैले अगमवाणी बोलें। जब मैले अगमवाणी बोल्दैथिँए, तब त्यहाँ कऱ्याककुरुक आवाज भयो, र ती हाड़हरू एक-अर्कोसित जोड़िन लागे। ८ अनि मैले हेर्दाहेर्दै तिनमा नसा र मासु भरिए र ती छालाले ढाकिए, तर तिनमा सासचाहिँ थिएन। ९ तब उहाँले मलाई भन्नुभयो, "हे मानिसको छोरो, सासलाई अगमवाणी गर्। अगमवाणी गर्, र त्यसलाई भन्, 'परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः हे सास, चारै दिशाबाट आइज, र यी मारिएकाहरूमाथि फुकिदे, र ती जीवित भएर उठून्'।" १० तब उहाँले आज्ञा गर्नुभएझैं मैले अगमवाणी कहन लागें, र सास तिनमा पस्यो। तिनीहरू जीवित भएर आ-आफ्ना खुट्टामा उभिए, र त्यहाँ एक अत्यन्तै ठूलो सेना भयो।"

हावा वा बताससँग पवित्र आत्मालाई तुलना गरेर पवित्र आत्माले कसरी काम गर्नुहुन्छ भनेर येशूले बताउनुभएको थियो। पवित्र आत्मालाई बतासको संज्ञा दिएर पवित्र आत्माको चाल बुझ्न कतिको कठिन छ भनेर येशूले बुझाउन खोज्नुभएको थियो। जसरी हावा वा बतास बहन्छ त्यो रहस्यमय तरिकाले बहन्छ। हावा ठ्याक्कै कहाँबाट आउँछ र कहाँ गइरहेको छ सो बुझ्न गाऱ्हो छ। मानिसले नचिताएको ठाउँबाट चेतावनी नै नपाएर हावा आउँदा को अन्यौलमा परेको छैन र?

हावा कहाँबाट आउँछ त्यसलाई हामीले नियन्त्रणमा लिन सक्दैनौं। तर हावाको गति हेरेर कहाँ गइरहेको छ सो हामीले थाहा पाउन सक्छौं। त्यसरी नै कसैले पनि पवित्र आत्मालाई नियन्त्रणमा लिन सक्दैन। उहाँले गरिरहनभएको काम नै उहाँको काम हो। कसैले हावालाई प्रत्यक्षरूपमा देख्न सक्दैन त्यसरी नै पवित्र आत्मालाई देख्न सक्दैन। तर उहाँको शक्ति अत्यन्त प्रभावकारी रूपमा हामी अनुभव गर्न सक्छौं। अर्को अर्थमा भन्ने हो भने हामीले हावालाई नदेखेतापनि त्यसको प्रभावलाई अनुभव गर्न सक्छौं। हावा वा बतासआफैलाई देख्न नसकेतापनि त्यसको असर हामीले प्रायजसो देख्न वा अनुभव गर्न सक्छौं। तर हावा मन्दसाथ बहन सक्छ र साथै हुरी बतास भएर भयानक रूप लिन सक्छ। पवित्र आत्माको शक्ति तेजमा चलेको हावा जस्तै हो भनेर बाइबलले भन्दछ। त्यो शक्तिलाई त्यसरी किन वर्णन गरियो त? किनभने मरेकोलाई उहाँले जीवित पार्न उहाँसँग शक्ति छ। त्यो काम गर्न

अत्यन्त ठूलो बल र अति उच्च शक्तिको खाँचो छ। मरेकोलाई जीवित पार्ने काम केवल परमेश्वरले मात्र गर्न सक्नुहुन्छ।

मुर्दालाई कसरी बिउँताइन्छ त्यो रहस्यमय छ। पवित्र आत्माद्वारा परमेश्वरले गर्नुहुने काम र परमेश्वर आफै पनि हामीले बुझ्न सक्ने क्षमताभन्दा अपार छ।

त्यसको अर्थ यो होइन कि पवित्र आत्माले के काम गर्नु हुन्छ सो हामीले थाहा पाउन सक्दैनौं। तर परमेश्वरको रहस्यहरूको बारेमा सोच्न हामी नम्र हुनुपर्छ। नम्र मन भएको मानिसले परमेश्वरको महानताको सराहना र प्रशंसा गर्दछ। नम्र मानिसले आफ्नो पतित मानव जातको सिमिततालाई स्वीकार गर्दछ। परमेश्वरको बारेमा थाहा पाउन परमेश्वरबाट नै प्रकट गर्नुपर्छ भनेर उसले स्वीकार गर्दछ।

एलेन जी ह्वाइटले लेख्नुहुन्छः "बाइबलका रहस्यहरू बाइबलको विरुद्ध विवाद गर्ने विषय होइनन्। बरू, बाइबलमा रहस्यहरू भएको कारणले नै बाइबल परमेश्वरबाट आएको हो भन्ने प्रमाणहरूमा यो अत्यन्त बलियो प्रमाण हो। यदि हामीले बुझेका कुराहरूलेमात्र बाइबल भरियो भने के हुन्छ होला? मानौं परमेश्वरको महानता र प्रतापलाई मानव दिमागले बुझ्न सक्छ रे? यदि बुझ्न सक्छन् भने अहिले जुन रूपमा बाइबल छ त्यो परमेश्वरबाट आएको हो भनेर देखाइन्दैनथ्यो।" एडुकेशन, पृ. १७०बाट रूपान्तरित।

हामीहरूको प्राकृतिक संसारमा हामीले नदेखेतापनि त्यसका कतिपय शक्ति वा बलहरूको बारेमा हामीलाई थाहा छ। हामीले नदेखेतापनि हामीहरूको संसारमा अदृष्य शक्तिहरूले कामहरू गरिरहेकोबाट र तिनीहरू कतिको वास्तविक छन् भन्ने तथ्यले हामीलाई के सिकाउँछ?

## २. सृष्टिमा पवित्र आत्मा (उत्पत्ति १:२)

यस ग्रहमा परमेश्वरको सबभन्दा पहिलो महान् काम भनेकै उहाँको सृष्टि हो। स्वर्ग , आकाश वा नक्षत्रको सृष्टि गर्ने परमेश्वर (उत्पत्ति १:१) र येशू ख्रीष्ट हुनुहुन्छ (कलस्सी १:१६,१७) भनेर बाइबलले स्पष्टरूपमा उल्लेख गर्दछ। तिनीहरूले नै मिलेर सृष्टि भएका सबै थोकहरू बनाएका थिए (उत्पत्ति १:१-३)। तर त्यस सृष्टिमा पवित्र आत्मा पनि संलघ्न हुनुहुन्थ्यो भनेर बाइबलले उल्लेख गर्दछ।

देहायका केही पदहरू पढ्नुहोस्। सृष्टिमा पवित्र आत्माको काम के थियो भनेर ती पदहरूले बताउँछन्। त्यतिमात्र नभएर जीवनको सृष्टिमा पनि

परमेश्वरको आत्माको भूमिका कस्तो हुन्छ भनेर ती पदहरूले कसरी बताउँछन्? हेर्नुहोस्ः उत्पत्ति १:१,२ "१ आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। २ पृथ्वी आकारविनाको र शून्य थियो। अथाह समुद्रमाथि अन्धकार थियो, र परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दैरहनुहुन्थ्यो।", अय्यूब २६:१३-१४ "१३ *उहाँको सासमा आकाश सफा भयो,* वेगले भागिरहेको सर्पलाई उहाँको हातले छेड्नुभयो। १४ यी ता उहाँको शक्तिको एक छेउ मात्र हुन्, हामीले सुन्ने उहाँको मधुर सोर कति मधुरो छ। तब उहाँको शक्तिको गर्जन कसले बुझ्न सक्छ र?", अय्यूब ३३:४ "४ किनभने परमेश्वरका आत्माले मलाई सृजनुभयो, र सर्वशक्तिमान्को सासले मलाई जीवन दिन्छ।", भजन ३३:६ "परमप्रभुको वचनले आकासहरू निर्माण भए, र उहाँकै मुखको सासले त्यहाँका ग्रह-नक्षत्रहरू।" र भजन १०४:२९,३० "२९ तपाईंले आफ्नो मुहार छोप्नुहुँदा तिनीहरू भयभीत हुन्छन्। तपाईंले तिनीहरूको सास लिनुहुँदा, ती मरिहाल्छन्, र फेरि धूलोमा नै फर्कन्छन्। ३० तपाईंले आफ्ना आत्मा पठाउनुहुँदा, तिनीहरूको सृष्टि हुन्छ, र तपाईंले पृथ्वीको रूपलाई नयाँ तुल्याउनुहुन्छ।"

परमेश्वर पिता र उहाँको पवित्र पुत्रसँगसँगै मिलेर यस पृथ्वीको सृजना गरेका थिए भनेर स्पष्टरूपमा उल्लेख गरेको यशैया ६४:८, कलस्सी १:१६,१७ पदहरूबाट बाइबलले हामीलाई बताउँछ। तर त्यस सृष्टिमा पवित्र आत्माक अनुपस्थिति थिएन। उत्पत्ति १:२मा उल्लेखित सृष्टिको कथामा परमेश्वरको आत्माको उपस्थित भएको लेखिएको छ। अय्यूब २६:१३, अय्यूब ३३:४, भजन १०४:२९,३० र भजन ३३:६ आदिले यस पृथ्वीको सृष्टिमा पवित्र आत्मा पनि संलघ्न भएका थिए भनेर सिकाउँदछ। त्यसकारण अदृष्यरूपमा भएतापनि पवित्र आत्मा यस संसारको सृष्टिमा सरिक हुनुभएको थियो।

तर हामी यो भन्न सक्दछौं कि सृष्टिको कथामा पवित्र आत्मा मूल नायकको रूपमा देखा पर्नुभएको थिएन। बरू उहाँ पानीहरूमाथि घुमीरहनुभएको थियो वा तैरिरहनुभएको थियो (उत्पत्ति १:२ रूपमान्तरित)। त्यस पानीमाथि घुमीरहनुभएकोले यस पृथ्वीको जीवनको सुरूमा पवित्र आत्मा हुनुहुन्थ्यो। हिब्रूभाषामा पृथ्वीमाथि घुमीरहनु वा तैरिरहनुलाई मेराहेपथ (merahepeth) भनिन्छ। यो शब्द उत्पत्ति १:२मा प्रयोग गरिएको छ। त्यही शब्द व्यवस्था ३२:११मा पनि प्रयोग गरिएको छ। यस पदमा परमेश्वर चिलसँग तुलना गरिएको छ जो गुँडमा भएको आफ्नो बचेरामाथि सुरक्षाको

निम्ति घुमीरहन्छ। त्यसकारण यस पृथ्वीमा जीवनको सृष्टिभएको बेलामा पवित्र आत्मा पनि एकदम नजिक भएर काम गरेका थिए भन्ने तथ्यलाई हामी मान्दछौं। जसरी भर्खर जन्मेका बचेराहरूलाई चिलले स्याहार गर्छ त्यसरी नै पवित्र आत्माले भर्खर सृष्टिभएका मानव प्राणीलाई देखभाल गर्नुहुन्छ। पवित्र आत्माको कामले मात्र सृष्टि सम्भव भएको थियो भनेर भजन १०४:३०ले आभास् दिन्छ।

यस संसारको सृष्टिमा मात्र पवित्र आत्माको उपस्थित थिएन तर मानिसहरूलाई पुनर्जीवन दिने प्रक्रियामा पनि उहाँले उल्लेखनीय भाग खेल्नुहुन्छ। हामीलाई नयाँ हृदय र दिमाग दिने काम उहाँको हो। सृष्टि र पुनर्सृष्टिको दुवै काम एक आपसमा कसरी मिल्दोजुल्दो छ? यस सृष्टि र पुनर्सृष्टिको कामलाई अझ राम्रोसँग बुझ्न र सराहना गर्न शब्बथको ज्ञानले हामीलाई कसरी सघाउँछ?

## ३. पवित्र आत्मा र पवित्र मन्दिर (प्रस्थान २५:८)

"मेरो निम्ति तिनीहरूले पवित्र पाल बनाओस्। म तिनीहरूको माझमा हुनेछु।" (प्रस्थान २५:८ रूपान्तरित)।

बाइबलमा सवभन्दा पहिलो महत्त्वपूर्ण काम भनेको परमेश्वरले गर्नुभएको यस संसारको सृष्टि हो। सृष्टिपछि दोस्रो महत्त्वपूर्ण काम भनेको परमेश्वरले तयार गर्नु भएको मुक्तिको योजना हो। यस पतित संसारमा मुक्तिको योजनाबिना सृष्टिको अर्थ के होला र? त्यसकारण हामी पापी भएको कारणले हामीलाई सृष्टिकर्ता र उद्धारकर्ताको आवश्यक छ। त्यस उद्धारकर्ता येशू ख्रीष्ट हुनुभएकोले हामी कृतज्ञ हुनुपर्छ। उहाँबिना यस आशारिहत संसारमा बाँच्नुको कुनै अर्थ हुँदैन।

पुरानो करारमा पवित्र मन्दिर वा परमेश्वरको पवित्र बासस्थानमा गरिने सेवाकार्यहरूले परमेश्वरले पापलाई कसरी क्षमा दिनुहुन्छ भनेर देखाइएको थियो। विभिन्न प्रतिकहरूद्वारा त्यो सत्यलाई औँल्याइएको थियो। त्यस मन्दिरमा गरिने सेवाकार्यले हामीहरूको मुक्तिदाता येशूको भविष्यमा हुने कामलाई सयौं वर्ष अघि देखाइएको थियो। मोशाको समयमा रहेका इस्राएलीहरूलाई पवित्र मन्दिरको विधिहरूद्वारा परमेश्वरले मुक्तिको योजनालाई थाहा दिनुभएको थियो (हिब्रू ४:२)। पवित्र मन्दिरमा हुने प्रायजसो सबै विधिहरूले येशूलाई र मानिसको पापको निम्ति मर्नुहुने उहाँलाई औँल्याइएको थियो। तर पवित्र मन्दिरमा हुने सेवाकार्यमा पवित्र आत्माको पनि भूमिका थियो

भनेर देखाएको थियो। पवित्र मन्दिरको निर्माण गर्न केही व्यक्तिहरूलाई पवित्र आत्माले सहयोग गरेका थिए। स्वर्गमा मोशालाई देखाइएको नमुना अनुसार तिनीहरूले त्यस मन्दिरको निर्माण गरिएको थियो।

पवित्र मन्दिर बनाउन पवित्र आत्माको पनि संलघ्नता भएको प्रस्थान ३१:१-११ले कसरी देखाउँछ? परमेश्वरको बासस्थान बनाउन पवित्र आत्माले निर्माणकर्ताहरूलाई कसरी सहयोग गर्नुभयो सो पनि पढ्नुहोस्। "

१ अनि परमप्रभुले मोशालाई भन्नुभयो, २ “हेर्,मैले यहूदाका कुलको हूरको नाति, ऊरीको छोरो बजलेललाई चुनेको छु। ३ मैले त्यसलाई परमेश्वरका आत्माले, र सीप, दक्षता र सबै किसिमका कारीगरीको ज्ञानले परिपूर्ण पारेको छु। ४ त्यसले सुन, चाँदी, काँसाका कलापूर्ण आकार कोर्ने, ५ र पत्थर काट्ने र जड्ने, काठ खोप्ने र सबै किसिमका कारीगरीका काम गरोस् भनेर हो। ६ दानका कुलको अहीसामाकको छोरो ओहोलीआबलाई मैले त्यसलाई सहयोग गर्न नियुक्त गरेको छु। जे-जति मैले तिमीलाई आज्ञा गरेको छु, ती सब बनाउनलाई सबै कारीगरहरूलाई मैले दक्षता दिएको छुः ७ अर्थात्, भेट हुने पाल, गवाहीको सन्दूक र त्यसमाथि हुने कृपा-आसन, र पालका अरू सबै सामानहरू– ८ टेबिल र त्यसका सामानहरू, शुद्ध सुनको सामदान र त्यसका सबै सामान, र धूपको वेदी, ९ होमबलिको वेदी र त्यसका सबै सामानहरू, धुने बाटा र त्यसका खुट्टाहरू– १० बुनेका पोशाकहरू, हारून पूजाहारीको निम्ति पवित्र पोशाकहरू र त्यसका छोराहरूका पूजाहारी पदमा सेवा गर्ने पोशाकहरू, ११ र पवित्रस्थानको निम्ति अभिषेक गर्ने तेल र सुगन्धित धूप तिनीहरूले बनाऊन्। मैले तिमीलाई दिएका सबै आज्ञाअनुसार तिनीहरूले गरून्।”

जब पवित्र मन्दिरको निर्माण भएको थियो त्यसबेला त्यहाँ पवित्र आत्माको उपस्थिति थियो भनेर बाइबलले हामीलाई भन्दछ। पवित्र मन्दिर मूख्या ठाउँ थियो जहाँ पवित्र परमेश्वरले पापीहरूसँग भेटघाट गर्नुहुन्थ्यो। यस स्थलमा परमेश्वर र मानिसहरूको बीचमा शान्ति र एकताको पुनर्स्थापना भएको थियो। परमेश्वरले मोशालाई स्वर्गमा देखाइएको मन्दिरको नमुना अनुसार यस पृथ्वीमा मन्दिर बनाउन अऱ्हाउनुभएको थियो (प्रस्थान २५:९,४०)।

आफ्नो मुक्तिको योजनालाई देखाउन परमेश्वरले हामीहरूलाई पवित्र मन्दिरलाई प्रयोग गर्नुभएको थियो। आफ्ना जनहरूसँग विशेष तरिकाले परमेश्वर रहन चाहनुहुन्थ्यो। त्यो तिनीहरूलाई अऱ्हाएर निर्माण गरिएको

पवित्र मन्दिरको माध्यमबाट तिनीहरूको बीचमा आफू रहेको देखाउनुभएको थियो। त्यस मन्दिरलाई सुन्दर बनाउन र सजाउन पवित्र आत्माले दक्ष जनशक्तिलाई सहयोग गर्नुभएको थियो। पवित्र आत्माको सहयोग बिना इस्राएलीहरूले त्यस महान् काम सम्पन्न गर्न सक्दैनथे।

पवित्र आत्मा धेरै शक्तिशाली हुनुहुन्छ। पवित्र मन्दिर बनाउन उहाँलाई मानिसहरूको सहयोगको आवश्यकता थिएन। तर उहाँले दक्ष जनशक्तिलाई सहयोग गरेर तिनीहरूको सिपलाई प्रयोग गर्नुभयो र मन्दिरको शोभा बढाउनुभयो। तपाईंले पनि मानिसहरूको प्रतिभालाई परमेश्वरको महिमाको निम्ति प्रयोग गर्न कसरी उत्साहित बनाउनुहुन्छ?

## ४. पवित्र आत्माले येशू ख्रीष्टको महिमा गर्नुहुन्छ (यूहन्ना १६:१३,१४)

पुरानो करारको समयमा पवित्र आत्मा सक्रिय हुनुहुन्थ्यो। तर नयाँ करारमा जस्तो पवित्र आत्माको काम त्यति उल्लेखनीय र फराकिलो पुरानो करारमा देखिन्दैन्थ्यो। किनभने जब प्रतिज्ञा गरिएको उद्धारकर्ता वा मसीहको रूपमा येशू आउनुभयो तब पवित्र आत्माको काम बढेका थिए।

सारा विश्वासीहरूलाई पवित्र आत्माले उहाँका बरदानहरू दिनुहुन्छ। हामीहरूको आत्मिक जीवनमा र चर्चको जीवनमा पवित्र आत्माले विभिन्न तरिकाहरूद्वारा काम गर्नुहुन्छ भनेर नयाँ करारले हामीहरूलाई बताउँछन्। तर उहाँको अत्यन्त महत्त्वपूर्ण वा उल्लेखनीय काम भनेको येशू ख्रीष्टको महिमा गर्नु हो।

देहायका केही पदहरूमा पवित्र आत्माले के काम गर्नुहुन्छ भनेर येशूले बताउनुभएको पढ्नुहोस्। पवित्र आत्माका सबै कामहरू त्यस कामसँग कसरी सम्बधित छ? हेर्नुहोस्: यूहन्ना १६:१२-१५ "१२ "मैले तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ। *१३ जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। १४ उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ।* १५ जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।" र यूहन्ना १५:२६-२७ "२६ "जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु,

अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ। २७ तिमीहरू सुरुदेखि नै मेरो साथ रहेका हुनाले, तिमीहरू पनि मेरा साक्षी हौ।"

पवित्र आत्माले आफ्नो भाऊ खोज्नुहुन्न वा आफ्नोतर्फ वा आफ्नो निम्ति बोल्नुहुन्न भनेर येशूले हामीलाई भन्नुहुन्छ। बरू पवित्र आत्माले येशूको बारेमा बोल्नुहुन्छ। येशू ख्रीष्ट हामीहरूको मुक्तिदाता हुनुहुन्छ भन्दै उहाँको महिमा गर्ने काममा पवित्र आत्मा संलघ्न हुनुहुन्छ। पवित्र आत्मा आफूचाहीं पर्दा पछाडि बसेर काम गर्न रुचाउनुहुन्छ। उहाँले आफ्नो सबै ध्यान येशूतिर लगाउनुहुन्छ। "पवित्र आत्माले कहिलै पनि "मलाई हेर, मकहाँ आऊ। मेरो बारेमा जान" भनेर कहिलै पनि भनिएको छैन। तर उहाँको सन्देश जहिले पनि यी थिए, "येशूतिर हेर। उहाँको महिमालाई हेर। उहाँको आवाजलाई सुन। उहाँको वचनमा ध्यान देऊ। उहाँलाई चिन्न खोज। उहाँको आनन्द र शान्तिको बरदानको स्वाद लेऊ।" हामी यो भन्न सक्दछौं कि पवित्र आत्मा हाम्रो निम्ति स्वर्गका लमी हुनुहुन्छ। येशू ख्रीष्ट र हामीलाई सँगै ल्याउने काम उहाँको काम हो। र साथै हामीहरूलाई एकै ठाउँमा रहिरहन सघाउने काम पनि पवित्र आत्माको हो।"-जे.आई. पाकर, किप इन स्टेप विध द स्पिरिटः फाइन्डिङ्ग फुलनेस इन आवर वाक विध गड, (ग्रान्ड रापिडः बेकर बुक्स, २००५), पृ. ५७,५८बाट रूपान्तरित।

हामी सबै येशूभक्तहरूले यो ख्याल गर्नु जरुरी छ कि पवित्र आत्माको अत्यन्त महत्त्वपूर्ण काम भनेको येशूलाई औंल्याउनु हो। हामीहरूको आत्मिक जीवनमा पवित्र आत्मा अत्यन्त आवश्यक छ। तर हामीहरूको जीवनमा येशूले लिने स्थानमा उहाँलाई कहिलै पनि लिन दिनुहुन्न। जहाँ जहाँ येशूको सम्मान भएको छ वा महिमा भएको छ त्यहाँ त्यहाँ पवित्र आत्माले काम गरिरहनुभएको हुन्छ। येशू ख्रीष्टलाई पछ्याउने भएकोले हामीहरूलाई क्रिश्चियन भनेर सम्बोधन गरिन्छ (प्रेरित ११:२६)। तर हामीहरूलाई कहिलै पनि न्युमिएनस् (Pneumians) अर्थात् पवित्र आत्माको चेला भनेर कहलाइनुहुन्न (ग्राहम ए कोल, हि हु गिभस लाइफः द डक्ट्रिन अभ द होली स्पिरिट (ह्विटन, इलिन्वाइस्: क्रसवेस बुकस्), पृ. २८४बाट रूपान्तरित।

हामीहरूको जीवनमा हामीले जे गरेतापनि पुनरुत्थान हुनुभएको येशूलाई उचाल्नु किन जरुरत छ? येशूले हामीहरूको निम्ति के गर्नुभयो सो सोच्नुहोस्। सबै थोकमा हामीहरू उहाँको ऋणी हौं। उहाँप्रति हामीहरूले कसरी कृतज्ञता देखाउने? (उदाहरणमा २ थेस्सोलिनिकी १:११,१२ "११ यस

हेतुले हामी तिमीहरू सबैका निम्ति निरन्तर प्रार्थना पनि गर्छौं, कि हाम्रा परमेश्वरले तिमीहरूलाई आफ्नो बोलावटको योग्य बनाऊन्, र हरेक असल उद्देश्य र विश्वासको कामलाई उहाँको शक्तिद्वारा पूर्ण गरिदेऊन्, १२ ताकि हाम्रा परमेश्वर र प्रभु येशू ख्रीष्टको अनुग्रहअनुसार हाम्रा प्रभु येशूको नाउँ तिमीहरूमा महिमित होस्, र तिमीहरू उहाँमा।")

## ५. पवित्र आत्मा र येशू ख्रीष्ट (लूका २४:४४-४९)

यस संसारमा मानव शरीर लिएर आउनुभएको येशूको जीवनमा पवित्र आत्माले धेरै कामहरू सम्पन्न गर्न सहयोग गर्नुभएको थियो। पवित्र आत्माले येशूलाई मानव बालक भएर जन्मन सम्भव बनाइदिनुभयो (लूका १:३४,३५)। येशूले आफ्नो पवित्र काम गर्न चाहिने शक्ति पवित्र आत्माले खन्याइ दिनुभएको थियो (लूका ३:२१,२२)। त्यही शक्तिले येशूलाई मसीह भएर गर्नुपर्ने काम सिध्याउन सहयोग गरेका थिए। त्यही शक्तिले चेलाहरूलाई पवित्र आत्मा दिने अधिकार येशूले प्रयोग गर्नुभएको थियो। जब जब येशूलाई पापमा फसाउन शैतान र विभिन्न तत्वहरूले प्रयास गरेका थिए तब तब पवित्र आत्माले अगुवाई गर्दै उहाँलाई आत्मबल दिनुभएको थियो (मर्कूस १:१२, मत्ती ४:१, लूका ४:१,२,१४)।

पापमाथि निरन्तररूपमा बिजय प्राप्त गर्न सक्नुभएकोले नै पापको फन्दामा पर्न लागेका तर त्यसबाट उम्कन चाहनुभएको येशूलाई शक्ति दिन पवित्र आत्माले अधिकार पाउनुभएको थियो (हिब्रू २:१८। हिब्रू ४:१५,१६ पनि तुलना गरे पढ्नुहोस्। मुक्ति दिने काममा चाहिने शक्ति येशूलाई पवित्र आत्माले दिनुभएको थियो (हिब्रू ९:१४)। पवित्र आत्माले येशूलाई मृत्यूबाट बौरी उठ्न सम्भव बनाउनुभएको थियो (१ पत्रुस ३:१८)। (अनौठो कुरो त यो थियो कि येशूलाई अन्य भाषा बोल्न लगाएर पवित्र आत्मा आयो भन्दै अनेकन् तमाशा देखाएर आफ्नो उपस्थिति जनमानसको सामु पवित्र आत्माले देखाउनुभएन) बरू येशूमा गरिने काम र येशूसँग गरिने सबै काममा पवित्र आत्मा अदृष्य रूपमा पर्दा पछाडि रहन रुचाउनुभएको थियो। हामीहरूको आत्मिक जीवनको केन्द्रविन्दुमा येशू ख्रीष्टलाई ल्याउन पवित्र आत्माले रोज्नुभएको थियो।

पवित्र आत्माका कामहरू के के हुन् भनेर देहायका केही पदहरूले देखाएको पढ्नुहोस्। पवित्र आत्माले आफ्नो भाऊ होइन येशूलाई भाऊ दिन वा महिमा गर्नु हुन्छ भन्ने ती पदहरूले हामीलाई कसरी आभास् दिन्छ? लूका

२४:४४-४९ "४४ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसँग हुँदा मैले बोलेका वचनहरू यी नै हुन्, अर्थात् मोशाको व्यवस्था, अगमवक्ता र भजनका पुस्तकमा मेरो विषयमा लेखिएका सबै कुरा पूरा हुनैपर्छ।" ४५ तब धर्मशास्त्र बुझ्नलाई उहाँले तिनीहरूको समझ खोलिदिनुभयो। ४६ उहाँले तिनीहरूलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, ४७ अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ। ४८ तिमीहरू यी नै कुराका साक्षी हौ। ४९ हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही सहरमा बसिरहो।" , गलाती ५:१६-२६ "१६ तर म भन्दछु, पवित्र आत्माद्वारा हिँड़, र पापमय स्वभावका लालसा पूरा नगर। १७ किनकि पापमय स्वभावका लालसा पवित्र आत्माको विरुद्ध हुन्छन्, अनि पवित्र आत्माको इच्छा पापमय स्वभावको विरुद्ध। तिमी जे गर्न चाहन्छौ त्यसबाट तिमीहरूलाई रोक्नका निम्ति यीचाहिँ एक-अर्काको विरुद्धमा हुन्छन्। १८ तर यदि तिमीहरू पवित्र आत्माद्वारा डोऱ्याइएका हौ भनेता तिमीहरू व्यवस्थाको अधीनमा हुँदैनौ। १९ पापमय स्वभावका कामहरू प्रत्यक्ष छन्, जो यी नै हुन्– व्यभिचार, अपवित्रता, लम्पटपना, २० मूर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, झैँझगड़ा, ईर्ष्या, क्रोध, स्वार्थीपन, फूट, गुटबन्दी, २१ डाह, पियक्कड़पन, अश्लिल, मोजमज्जा र यस्तै अरू, जसका विषयमा म तिमीहरूलाई चेताउनी दिन्छु, र अघि पनि दिएकै हुँ। जस-जसले यस्ता कामहरू गर्दछन्, परमेश्वरका राज्यका हकदार बन्नेछैनन्। २२ तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, २३ नम्रता, संयम हुन्। यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन। २४ तर तिनीहरू, जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन्। २५ हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिँड़ौं। २६ हामी अहङ्कारी नहोऔं, एउटाले अर्कोलाई रीस नउठाऔं, र एउटाले अर्कोलाई ईर्ष्या नगरौं।" र एफिसी ४:२३-२७ "२३ र आफ्नो भित्री वर्तावमा नयाँ होओ, २४ र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर। २५ यसकारण झूट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एक-अर्काका अङ्गहरू हौं। २६ क्रोध गर, तर पाप नगर। घाम अस्ताउन अघि नै तिमीहरूको रीस मरोस्, २७ र दियाबलस वा शैतानलाई मौका नदेओ।"

देहायका केही तरिकाहरूद्वारा पवित्र आत्माले येशूको महिमा गर्नुहुन्छः
१. येशूको बारेमा बाइबलमा लेखिएका कुराहरूलाई पवित्र आत्माले हामीलाई सिकाउनुहुन्छ। पवित्र आत्माले के भन्नुहुन्छ त्यसमा हामी भर पर्नसक्छौं। येशू ख्रीष्ट र मुक्तिको बारेमा हामीलाई चाहिने सबै थोक उहाँले हामीलाई बताउनुहुन्छ। उहाँले हामीलाई सिकाउनुभएको कुरामा कुनै थपघट गर्नु जरुरी छैन वा हामीलाई चाहिने कुरामा उहाँले जे भन्नुहुन्छ त्यसमा कुनै कमी छैन। उहाँले हामीलाई गलत दिशामा लानुहुन्न। हामीलाई जान्नुपर्ने सबै थोक बाइबलमै छ। विश्वासमा अडिग भएर परमेश्वरको वचन हामीले पढ्नुपर्छ। बाइबलले सिकाएक शिक्षा तथा अर्तीहरूलाई हामीले पालना गर्नु अत्यन्त जरुरी छ।
२. पवित्र आत्माले नर र नारीहरूलाई आफूतिर होइन तर येशू ख्रीष्टमा पाइने मुक्तिको सम्बन्ध कायमै राख्न खिँच्नुहुन्छ। मानिसहरूको हृदयमा, दिमागमा र अन्तर्विवेक वा चेतनामा पवित्र आत्मा सुरिलो आवाज भएर काम गरिरहनुहुन्छ। उहाँले तिनीहरूलाई बुझ्ने क्षमता दिनुहुन्छ। अनि तिनीहरूले आध्यात्मिक ज्ञानहरू बुझ्न सक्षम् हुन्छन्। तिनीहरूको विश्वास तथा भरोसा येशूमा राख्न राजी गराउन पवित्र आत्माले पहल गर्नुहुन्छ। येशू तिनीहरूको मुक्तिदाता र अगुवा हुनुहुन्छ भनेर स्वीकार्न पवित्र आत्माले नै सहयोग गर्नुहुन्छ।
३. हामीमा चाहिने येशू ख्रीष्टको चरित्र अर्थात् स्वभाव हुन पवित्र आत्माले सहयोग गर्नुहुन्छ। हामीहरूको जीवनमा येशू जस्तै हुन उहाँले नै सघाउनुहुन्छ (गलाती ५:२२,२३)। र येशू ख्रीष्टको रगतद्वारा हामीलाई पापमाथि बिजय प्राप्त गर्न दिइन्छ (प्रकाश १२:११)। परमेश्वरका दश आज्ञाहरूप्रति बफादार हुन चाहिने बल हामीलाई पवित्र आत्माले दिनुहुन्छ।
४. जसरी येशू अरूको सेवा गर्न जिउनुभयो त्यस्तै जीवन बिताउन हामीलाई पवित्र आत्माले सहयोग गर्नुहुन्छ। हामी मायालु र निस्वार्थी हुन पवित्र आत्माले सहयोग गर्नुहुन्छ। पुरूष, महिला, युवा युवतीहरूलाई परमेश्वरको निम्ति विशेष काम गर्न पवित्र आत्माले आह्वान गरिरहेको हुन्छ। शुसमाचारको सन्देश लिएर अरूकहाँ जान पवित्र आत्माले हामीलाई सहयोग गर्नुहुन्छ ताकि तिनीहरू येशू ख्रीष्टतिर आकर्षित होउन्।

हो, यदि हामी येशूको जस्तो चरित्र वा स्वभाव हुन चाहन्छौं भने हामीलाई सहयोग गर्न पवित्र आत्मा तत्पर हुनुहुन्छ। हामीहरूको जीवनमा पवित्र आत्माले गर्ने कामले परमेश्वर पिताको महिमा कसरी गरिन्छ?

**उपसंहारः**

थप जानकारीः परमेश्वरसँग हिंडिरहनुपर्ने क्रममा हामीहरूको जीवनमा पवित्र आत्माको संलघ्नता अत्यन्त महत्त्वपूर्ण भएको कुरामा कसैको दुईमत छैन। फेरि अदृष्यरूपमा काम गरिरहनुहुने पवित्र आत्माको काम हामीले नदेख्न सक्छ। तर हामीहरूको र अरूहरूको जीवनमा पवित्र आत्माको प्रभाव देखिरहेका छौं। यदि तपाईंको जीवन येशूमा आस्था राखेर परिवर्तन भयो भने त्यो पवित्र आत्माको कामद्वारा भएको भनेर मानिलिनुपर्छ। "हामीले हावालाई देख्न सक्दैनौं। हामीले त्यसको असर हामीले देख्न सक्छौं र त्यसको असरको अनुभव गर्न सक्छौं। त्यसै अनुपातमा प्रत्येक येशू भक्त जसले आफ्नो जीवनमा येशूको उद्धार गर्ने शक्तिको अनुभव गर्दछ त्यसले आफ्नो जीवनको प्रत्येक काममा पवित्र आत्माको काम भइरहेको देखाइनेछ। हामीहरूका हृदयहरूलाई परमेश्वरको आत्माले पूरा नियन्त्रण गर्न दिनुपर्छ। अनि हामीहरूको जीवनलाई पवित्र आत्माले आमूल तथा पूरा परिबर्तन गर्न सक्नुहुन्छ। अपराधी तथा पापी सोचबिचार र नियतहरू पन्छिएर जान्छ। हामी खराब तथा दुष्ट काम गर्न रोक्छौं। प्रेम, कोमल हृदय र शान्ति स्वभावले हामी परिचालित हुन्छौं। क्रोध, डाह र झगडाले हामीहरूको हृदयमा अड्डा जमाउन पाउँदैन। दिक्क हुनुको सट्टा आनन्दित हुन्छौं। हामीहरूको चेहरा यस्तो चम्किन्छ कि मानौं सारा स्वर्गको ज्योति हामीहरूमा चम्किरहेको छ।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. १७३बाट रूपान्तरित।

ती प्रतिज्ञाहरू अचम्मका छन्! ती प्रतिज्ञाहरू कतिको वास्तविक छन् भनेर धेरैका जीवनहरूले देखाइरहेका छन्। तर पवित्र आत्माको काम एकैचोटी हुने होइन। हामी चाहेका व्यक्तिहरू तुन्तै बन्न सक्दैनौं। विश्‌वासको जीवन र परमेश्वरमा आज्ञाकारी जीवन बिताउन संघर्ष गर्नुपर्छ। यो परमेश्वरमा समर्पित जीवन हो। जब हामी पापमा फस्छौं तब तुरन्तै त्यसको पछुताऊ गर्नुपर्छ र पाप नगर्न प्रण गर्नुपर्छ। पवित्र आत्मा हामीहरूको दिव्य अगुवा हुनुहुन्छ। उहाँ हामीहरूलाई येशू ख्रीष्टमा नयाँ मानिसहरू बनाउन खट्नुहुन्छ। तर यो काम एक दिनमा हुने नभएर हामीहरूको जीवनभरको काम हो। हामीहरूको कमजोर र दोषी बानीले परमेश्वरमा अझ बढि समर्पण गर्न अग्रसर हुनुपर्छ। तर हामीहरूको कमजोरीहरूको फाइदा उठाएर निराश हुन हामीले शैतानलाई अवसर दिनुहुन्न। त्यसले गर्दा हामीहरूको येशूभक्तको जीवन हतोत्साह र हतोत्साहले नै भर्न पुगेको हुन्छ। हामीहरूले पकडि राखेका

आशाहरूलाई नाश गर्न शैतान जहिले पनि उत्सुक भइरहेको हुन्छ। बिगतमा गरेका पापहरूलाई औँल्याउँदै शैतानले हामीलाई भएभित बनाउन खोज्छ र अनि निराशाको खाडलमा खसालिदिन खोज्छ। तर जब शैतानले त्यो आभास् दिन्छ तब पापीहरूको ठाउँमा मर्नुहुने येशूको मृत्युलाई सम्झनु पर्छ। हो, हामीहरू पापी हौं र परमेश्वरको अनुग्रहको आवश्यकता छ। त्यो अनुग्रह हामीहरूलाई दिन हामीहरूको निम्ति येशू मर्नुभयो।

**चिन्तनमनन:**

अ. पवित्र आत्माको उदाहरणले तपाईं परमेश्वरको निम्ति पर्दा पछाडि काम गर्नुभनेको केहो भनेर कसरी सिक्नुभएको छ? अर्थात् तपाईंले परमेश्वरको महिमाको निम्ति गर्नुहुनेका काममा अरूले थाहा नपाएतापनि, नदेखेतापनि, सराहना नगरेतापनि वा तपाईंलाई भाऊ नदिएतापनि पवित्र आत्माको अनुसरणले के तपाईंलाई प्रेरणा दिंदैन र?

आ. पवित्र आत्माले येशूलाई कसरी उचाल्नुभयो? हामीहरूको आत्मिक जीवनको केन्द्रविन्दु येशू हुनुहुन्छ भनेर पवित्र आत्माले कसरी देखाउनुभएको छ? आफूलाई आकर्षित नगरी तपाईंले येशूलाई कसरी केन्द्रिभूत गर्न सक्नुहुन्छ? हामी जतिसुकै इसाई भनेर दावी गरेतापनि कतिपय समयमा त्यसो गर्न किन मुश्किल छ? येशू र अरूहरूलाई उछन्नेर हामी सम्माननीय हुनुपर्छ भन्ने शारीरिक वा स्वभाविक चाहनासँग हामी कसरी भिंड्ने?